# खुम्बु पासाङल्हामु गाउँपालिका

# विनियोजन ऐन, २०७५

गाउ सभाबाट स्वकृत मिति २०७५।०३।०५

सोलुखुम्बु जिल्ला

१ नं. प्रदेश

नेपाल

# विनियोजन ऐन, २०७५

(खुम्बु पासाङल्हामु गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन)

**प्रस्तावनः** खुम्बु पासाङल्हामु गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "खुम्बु पासाङल्हामु गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।
(२) यो ऐन मिति २०७५ श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

१) आर्थिकवर्ष २०७५।०७६ को निमित्त खुम्बु पासाङल्हामु गाउँपालिका गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च, बित्तिय सामान्यिकरण (शःसर्त) र अन्य खर्च व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३१,९९,३४,८५५/- (अक्षेरुपी एकतिस करोड उनानसय लाख चौतिस हजार आठ सय पच्पन्न रुपैया) मात्र मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस गाउँपालिकामा अन्य कुनै निकायबाट तोकिएको कार्यकम संचालन गर्न रकम निकासा भई संचितकोषमा प्राप्त हुने रकम खर्च खातामा ट्रान्सफर गरी खर्च गर्न र वचत रकम सम्बन्धितलाई फिर्ता दिन बाधा पर्ने छैन ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा

रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । चालु खर्च, पूँजिगत खर्च, वित्तीय सामान्यिकरण खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | वडा समितिको कार्यालयहरु | १,००,०० | ९,००,०० | ० | १०,००,०० |
| २ | | गाउँ कार्यपालिकाको कार्यलय | ४,०१,३४ | ९,४१,०० | ० | १४,४२,३४ |
| ३ | | बिषयगतशाखाहरु (वित्तिय सामान्यिकरण श:शर्त) | ६,११,०० | ० | ० | ६,११,०० |
| ४ | | सामाजिक सुरक्षा | १,८५,०० | ० | ० | १,८५,०० |
| ५ | | विषयगत अन्य | ० | ६१,०० | ० | ६१,०० |
| ६ | | ऋणको सावाव्याज भुक्तानी | ० | ० | ० | ० |
| ७ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| जम्मा | | | १२,९७,३४ | १९,०२,०० | ० | ३१,९९,३४ |